त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं

**भर्ना समूह २०८२ (2025) सालको त्रि.वि.रजिष्ट्रेशन सम्बन्धी "त्रि.वि.कार्यकारी परिषद्को मिति २०८२ पौष ३० गते बसेको बैठकको निर्णय नं. ३०८" अनुसार संशोधित सूचना**

**(पुन: प्रकाशित मिति २०८२।१०।०२)**

त्रि.वि.अन्तर्गतका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा शैक्षिक वर्ष २०८२।०८३ मा अध्ययन गर्ने सम्पूर्ण तहका विद्यार्थीहरुको Online मार्फत त्रि.वि.रजिष्ट्रेशन गर्नुपर्ने भएको हुँदा सबै क्याम्पस/कलेजहरूलाई विद्यार्थी स्वयं मार्फत Online त्रि.वि.रजिष्ट्रेशन फाराम भराउनको लागि यो सूचना प्रकाशित गरिएको छ।

- वार्षिक प्रणाली अनुसार रजिष्ट्रेशन गर्ने सन्दर्भमा यो सूचना प्रकाशित भएको मितिदेखि २०८२ साल माघ मसान्तसम्ममा Online फारम भराई सम्बन्धित क्याम्पस/कलेजहरूले निर्धारित मिति भित्र रजिष्ट्रेशनका लागि Online आवेदन दिएका आवेदकहरूको २०८२ फागुण ०२ गते भित्रमा Online आवेदन फारम Verify गरी लाग्ने दस्तुर र आवश्यक कागजात प.नि.का./क्षे.प.नि.का.मा पठाउनु पर्नेछ। निर्धारित म्याद भित्र Online आवेदन भर्न असमर्थ भएका विद्यार्थीहरूका लागि २०८२ फाल्गुण ३ गतेदेखि एक हप्ता सम्ममा दोब्बर दस्तुर सहित Online आवेदन गर्नुपर्नेछ। दोब्बर दस्तुरको अन्तिम म्यादको २ दिन भित्र सम्बन्धित क्याम्पस/कलेजहरू Online आवेदन दिएका आवेदकहरुको फारम Verify गरी दोब्बर दस्तुर वापतको रकम र आवश्यक कागजात प.नि.का./क्षे.प.नि.का.मा बुझाउनु पर्नेछ। (सो पश्चात् रजिष्ट्रेशन गरिने छैन)
- सेमेष्टर प्रणालीको हकमा स्नातक तह (सेमेष्टर र प्राविधिक), अधिस्नातक (PGD) र स्नातकोत्तर तह (सेमेष्टर र प्राविधिक) तर्फका विद्यार्थीहरुको लागि सम्बन्धित संकाय, अध्ययन संस्थान, डीनको कार्यलय र क्याम्पसहरुले समेत प्रथम भर्ना सूचना प्रकाशित भएको मितिले पाँच (५) महिना भित्र भर्ना सूचनाको प्रतिलिपि समेत राखी नियमित दस्तुरमा सम्बन्धित रजिष्ट्रेशन शाखाबाट रजिष्ट्रेशन गर्ने/गराउने र सो समय पश्चात् आएका रजिष्ट्रेशन फाराम दोब्बर दस्तुर बुझाई एक हप्ता भित्र रजिष्ट्रेशन गर्नुपर्नेछ। (सो पश्चात् रजिष्ट्रेशन गरिने छैन।)
- शुल्कको हकमा विदेशी विद्यार्थीको लागि रु.१०००।- र स्वदेशी विद्यार्थीको लागि रु.५००।- हुनेछ।

**पुनश्च :**

१) विद्यार्थीले online portal मार्फत रजिष्ट्रेशन फाराम भरी SEE/SLC, +2 तहका सम्पूर्ण ट्रान्सक्रिप्टहरु upload गरी सम्बन्धित क्याम्पसमा submit गर्नु पर्नेछ र क्याम्पसले उक्त फाराममा संलग्न कागजपत्रहरु रुजु गरी सबै ठीक भएमा तोकिएको शुल्क सहित परीक्षा नियन्त्रण कार्यालय, बल्खुमा submit गर्नु पर्नेछ।

२) विद्यार्थीले रजिष्ट्रेशन फाराम बुझाईसकेपछि प्रथम वर्षको परीक्षा संचालन नभएसम्म कुनै पनि माइग्रेसन नदिने भएकाले क्याम्पस/कार्यालयहरुले विद्यार्थीहरुलाई माइग्रेसनको लागि सिफारिस नदिन हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ।

३) क्याम्पस/कार्यालयहरुले रजिष्ट्रेशन फाराम बुझाउँदा फारामको संख्या बमोजिमको रकम मात्र भुक्तानी भएको हुनुपर्ने अन्यथा बढी भुक्तानी भएको रकमलाई पछि प्राप्त हुन आउने रजिष्ट्रेशन फाराममा मिलान गरिने छैन।

४) रजिष्ट्रेशन फाराममा संलग्न गर्नुपर्ने कागजातहरु SEE/SLC वा सो सरहको मार्कसीट, Character Certificate, Provisional Certificate को प्रतिलिपि सहित Original Migration र विदेशी बोर्डको हकमा Equivalent letter समेतको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ। स्नातकोत्तर तहको रजिष्ट्रेशन फारामको हकमा अन्तिम पास level को सम्पूर्ण सर्टिफिकेटहरु थप समावेश गर्नुपर्नेछ। भर्ना समूह २०८२ (2025) को लागि विद्यार्थीहरु भर्ना गर्दा क्याम्पसहरुले 2025 भन्दा पछाडि पास भएकालाई भर्ना नगर्नु हुन र माथि उल्लेखित Criteria नपुगी फाराम बुझाएमा उक्त फारामको पुन: शुल्क लाग्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

५) क्याम्पस/कार्यालयहरुले २०८२ को रजिष्ट्रेशन फाराम विद्यार्थीहरुबाट submit भएको विवरण प्रमाणीकरण गरी online र रुजु सम्बन्धित क्याम्पस/कार्यालयबाट गर्नुपर्नेछ।

परीक्षा नियन्त्रक

Scanned with CamScanner